अन्तिम लेखापरीक्षण प्रतिवेदन

नार्पा भूमि गाउँपालिका, मनाङ

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

०

Serving the Nation
and
the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी
प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं : ७७६

मिति: २०७७/३/२४

श्री प्रमुखज्यू,
नार्पा भूमि गाउँपालिका,
मनाङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व वाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(वागमती तथा गण्डकी महानिर्देशनालय)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्या: २०७६।७७
च.नं : ८८१

मिति: २०७७।३।२५

श्री अध्यक्षज्यू,
नार्पा भूमि गाउँपालिका,
मनाङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले नार्पा भूमि गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु २ करोड ७३ लाख ६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२० लाख ६८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २ लाख ३० हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५० लाख ८ हजार बेरुजू रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना अट्ठार (१८) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्ततताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

नार्पा भूमि गाउँपालिका, मनाङ
लेखापरीक्षण प्रतिवेदन
२०७५/७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ५ वडा रहेको २१ गाउँ सभा सदस्य ७३७.५४ वर्ग की.मी.क्षेत्रफल, ६१५ जनसंख्या र गण्डकी प्रदेशमा अवस्थित छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसाबको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.नं	आय तर्फ			सि.नं	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		**२८२५४०९१.९१**	१	**चालु खर्च**	३१२२९६३५.८८	**३१२२९६३५.८८**
	क) नगद	०.०		२	**पुजिगत खर्च**	१०२८३२६५३.७०	**१०२८३२६५३.७०**
	ख) बैक	२८२५४०९१.९१		३	**वित्तीय व्यवस्था**	०.००	**०.००**
२	**राजस्व (आन्तरिक आय)**		**१००३३७२.००**	४	**लगानी**	०.००	**०.००**
	क) घर बहाल बाट प्राप्त	४८९००.०		५	**धरौटी फिर्ता**	०.००	**०.००**
	ख) विष्फोटक पदार्थ विक्रीबाट	८०५२५०.०		६	**फिर्ता**	११६०७८९५.७६	**११६०७८९५.७६**
	ग) मालपोत बाट प्राप्त	२२६६९.०		७	**अर्थ बजेट**	०.००	**०.००**
	घ) नगदी रसिद बाट प्राप्त	३८८९७.०		८	**मौज्दात**		**१९३३१३५५.४५**
	ङ) अन्य आय	८७६५६.०			नगद मौज्दात	०.००	
३	**वित्तीय हस्तान्तरण**		**८२३६३१००.००**		बैक मौज्दात		
	क) वित्तीय समानिकरण अनुदान	६०००००००.०			क) ने.बै.लि चालु	२६१४८४५.०५	
	ख) सर्शत अनुदान	२२३६३१००.०			ख) ने.बै.लि पुँजीगत	५८३९६०२.०४	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		**१०९९००००.००**		ग) कोष खाता	१०८७६९०८.३६	
	क) वित्तीय समानिकरण अनुदान	१०९९००००.०			ग) धरौटी मौज्दात	०.००	
५	**राजश्व बाँडफाँड बाट प्राप्त**	२४६२७८२०.८८	**२४६२७८२०.८८**		ङ) प्रकोप व्यवस्थापन	२०००००००.००	
६	**प्रकोप व्यवस्थापन कोष आम्दानी**	२०००००००.०	**२०००००००.००**				
७	**जनसहभागिता (नगद)**	०.०	**०.००**				
८	**विषयगत निकायबाट प्राप्त**		**१७३१५०००.००**				
	प्रधानमन्त्री रोजगार कार्यक्रम	३४००००.०					
	सामाजिक सुरक्षा कोष	१८७००००.०					
	संसदीय विकास कोष	५५००००००.०					
	झोलुङे पुल निर्माण कार्यक्रम	४३००००००.०					
	एल जि सि डि पि	३०५०००.०					
	संस्कृति पर्यटन मन्त्रालय बाट	५००००००.०					
९	**धरौटी आय**	०.०	**०.००**				
१०	**अन्य विविध आय**	४४८१५६.०	**४४८१५६.००**				
	जम्मा	**१६७००१५४०.७९**	**१६७००१५४०.७९**		**जम्मा**	**१६७००१५४०.७९**	**१६७००१५४०.७९**

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
१.	**स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
२.	**समिति गठन :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २२ मा गाउँसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई लेखा समिति, विधायन समिति, सुशासन लगायत आवश्यकता अनुसार समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । २०७५ भदौ २९ को कार्यपालिकाको निर्णयबाट विभिन्न ११ समिति गठन गरेकोमा उक्त समितिहरुले सक्रिय रुपमा कार्य गरेको देखिएन । सोलाई सक्रिय बनाई प्रभावकारी बनाउनुपर्दछ ।	
३.	**न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम गाउँपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । समितिमा यस वर्ष कुनै मुद्दा नपरेको जानकारी प्राप्त भएको छ । मुद्दाको अभिलेख राख्नुपर्दछ ।	
४.	**स्थानीय राजस्व परामर्श समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गाउँपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि स्थानीय राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६५(२) मा समितिले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, कर नीतिको सम्बन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको छ । यस गाउँपालिकामा राजस्व परामर्श समिति गठन भई काम कारबाही गरेको जानकारी प्राप्त भएतापनि सो समितिका बैठक माइन्यूट, निर्णयहरु तथा कार्यपालिकालाई प्रस्तुत गरेको प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश भएन ।	
५.	**योजना बनाई कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं क्षेत्रगत विषयको मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तदनुसार मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।	
६.	**नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास गाउँई भवन निर्माण गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष नक्सा पासको कार्य गरेको देखिएन । तसर्थ नक्सा पास नगराई भवन निर्माण गराउनेतर्फ पहल गरिनु पर्दछ ।	
७.	**चौमासिक प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेमा पेश गरेको देखिएन ।	
८.	**श्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।	
९.	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण	

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनवमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : ● पुराना मालसमानको मूल्य नखुलेको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(४) ● जिन्सी मालसमानको लिलाम/मर्मत नभएको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) ● भ्रमण पश्चात् भ्रमण प्रतिवेदन अनिवार्य रुपमा पेश नगरेको (भ्रमण खर्च नियमावली, को नियम १८) ● पेश्की समयमा फछ्र्यौट गाउँको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३)) ● उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित गाउँको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२)) ● वार्षिक खरिद योजना तयार नभएको, (नार्पाभूमि सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ३) ● सवारी साधनको लगबुक नराखेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६(३)) कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्वारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।	
१०.	**लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रीय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन ।	
११.	**बजेट विनियोजन एवं आयोजना सञ्चालन :** आ.व. २०७५।७६ मा अनुमानित कूल बजेट रु.१४ करोड ७२ लाख बजेट पारीत गरी पूर्वाधार, सामाजिक विकास, आर्थिक विकास, सामाजिक विकास तथा वातावरण तथा विपद व्यवस्थापन क्षेत्रगत क्रियाकलापमा बजेट व्यवस्था गरेको देखिन्छ । आय-व्यय अनुमान तयार गर्दा निम्न बमोजिम वडास्तरका आयोजना र गाउँस्तरका आयोजना तर्जुमा गरिएको पाइयो ।	

क्र.सं.	क्षेत्रगत क्रियाकलाप	आयोजना संख्या	बजेट (रु हजारमा)	प्रति योजना औषत बजेट (रु.हजारमा)
१	पूर्वाधार	२०	५९७८०	२९९३.५
२	सामाजिक विकास	२३	६९००	३००
३	आर्थिक विकास	१६	९९०५	६१९.०६
४	संस्थागत विकास	१२	८६९९	५७४.९२
५	वातावरण तथा विपद व्यवस्थापन	४	२२५०	५६२.५

	उपरोक्त क्षेत्रगत योजनाहरुका अतिरिक्त सशर्त अनुदानका केन्द्रीय बजेट, बजेट उपशीर्षक तथा आन्तरिक स्रोतबाट सञ्चालन, वित्तीय सामानीकरण (चालु, पूँजीगत) बाट खर्च व्यहोरीने गरी वजेट तर्जुमा गरेको देखिन्छ । औषतमा पुर्वाधारका ३० लाखका योजना कार्यान्वयन गरिएको छ भने सामाजिक विकासतर्फ ३ लाखका योजना कार्यान्वयन गरेको देखिएको छ । कार्यालयले वितरणमुखी योजना छनोट नगरी रणनीतिक र पुँजी निर्माण गर्ने योजना छनोट गर्नुपर्ने देखिन्छ ।	

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
१२.	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । सोही अनुसार कार्यविधि निर्माण तर्फ ठोस पहल भएको देखिएन ।	
१३.	**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउन सक्ने उल्लेख छ । तर यस गाउँपालिकाले हालसम्म सवारी कर नलिएको देखियो ।	
१४.	**मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रदर्शन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । गाउँपालिकाको आर्थिक ऐनमा करको व्यवस्था गरेकोमा असुल गरेको पाइएन ।	
१५.	**योजना परिमार्जन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(२) बमोजिम गाउँसभाले योजना तथा कार्यक्रम र बजेट पारीत गरे बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँसभाको २०७६।१।२० को निर्णयबाट चालुबाट रु.७७ लाख र पूँजीगतबाट ३ योजनाको रु. ८४ लाख गरी रु.१ करोड ६१ लाख संशोधन गरेको छ । ऐनमा संशोधित बजेट तथा कार्यक्रम सम्बन्धमा व्यवस्था नभएको र आर्थिक वर्षको अन्तिम चौमासिकमा आएर कार्यक्रम संशोधन गर्दा शुरु बजेट तथा कार्यक्रम विपरित भएका कार्यक्रमको अनुमोदन गर्ने कार्यमा सिमित रहने हुँदा बजेट तथा कार्यक्रम पारित गर्दा यर्थाथपरक बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । संशोधनको केही उदाहरण निम्न अनुसार रहेका छन् ।	

क्र.सं.	विवरण	बजेट रकम
१	कार्यालय संचालनमा थप (चालु)	१०,००,०००.०
२	था खोला जलविद्युत, मर्मत तथा विस्तार	४२,००,०००.०
३	ना खोला जलविद्युत टरवाइन खरिद	१३,००,०००.०
४	गा.पा. केन्द्र च्याँखु जग्गा खरिद	१५,००,०००.०
५	साम्डुप क्ष्योलिङ गूम्बामा भान्छाघर तथा डायनिङ निर्माण	१०,००,०००.०

१६.	**पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा र प्रदेशसभाका सदस्यले पाउने सुविधा प्रदेश कानून बमोजिम हुने उल्लेख छ । सुविधामा पारिश्रमिक पर्ने नपर्ने विषयमा न्यायिक निकायमा विचाराधीन रहेको छ । गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ बाट सुविधाका रुपमा पारिश्रमिक पाउने व्यवस्था गरेबमोजिम यस वर्ष नार्पाभूमि गाउँपालिकाले अध्यक्षको रु.३,७२,०००।०, उपाध्यक्षको रु.३,१२,०००।- र अन्य पदाधिकारीको रु.२२,६८,०००।- गरी रु.२९,५२,०००।- खर्च लेखेको देखियो ।	
	सशर्त अनुदान पशु तर्फ :	
१७.	भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङले दिएको रमाना पत्र अनुसार कार्यालय सहयोगी श्री मिङमार छोपेल गुरुङ (१५४९७४) २०७६।२।१७ बाट लागु हुने गरी नार्पा भूमि गाउँपालिकामा सरुवा भएको देखिन्छ । कार्यालयमा निजको हाजिरी परीक्षण गर्दा २०७६।२।१८ बाट हाजिर भएको देखिन्छ । सम्बन्धित जिल्ला र कार्यालयमा हाजिर नभई निजलाई सो जिल्ला या कार्यालयमा तोकिएको स्थानीय भत्ता भुक्तानी गर्न नमिल्नेमा निजलाइ कार्तिकदेखि आषाढ सम्मको रु.५०,६७०। भुक्तानी गरिएको छ । निज मनाङ भित्रको कुन कार्यालयमा कहिलेबाट कहिले सम्म कार्यरत रहेको हो प्रष्ट खुल्ने प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा निज कार्यालयमा हाजिर भएको	४२,६००

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	दिन बाहेक अन्य दिनको भुक्तानी भएको स्थानीय भत्ता रु.४२,६००। सम्बन्धितबाट असुल गर्नुपर्दछ ।	
१८.	२९-२०७६।१२७ प.से.प्रा.स राम प्रसाद अधिकाकरीको रु.१,०७,८००।० को पेश्की फछ्र्यौट गर्दा रु. १,५००।० अग्रिम आय कर कट्टी गर्नुपर्नेमा रु.९०६।० मात्र कट्टी गरेकोले छुट अग्रिम आयकर रु.५९४।- निज बाट असुल गरी दाखिला गर्नुपर्दछ ।	५९४
१९.	**पोशाक भत्ता बढी भुक्तानी** : नेपाल सरकारले तोके बमोजिम शिक्षकहरुलाई पोशाक भत्ता पाउने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७५।७६ बाट अन्यको हकमा पोशाक भत्ता रु.७,५००।० बाट रु.१०,०००।० बृद्धि गरिएकोमा हिमाली जिल्लाको हकमा कुनै सम्बोधन नभएकोले साबिक पाइरहेको रु.१५,०००।० नै भुक्तानी हुनुपर्नेमा रु.२०,०००।० भुक्तानी भएकोले निम्नानुसार शिक्षकहरुलाई बढी भुक्तानी भएको रु.२५०००।- असुल गर्नुपर्दछ ।	२५०००

क्र.सं.	गो.भौ.नं. - मिति	शिक्षकको नाम	बढी भुक्तानी रु.
१	११ - २०७६/३/२६	श्री सुदिप आले मगर	५,०००।०
२	१५ - २०७६/३/२७	श्री सुरेश प्रसाद धवल	५,०००।०
३	१५ - २०७६/३/२७	श्री अजय राम गुरुङ	५,०००।०
४	१५ - २०७६/३/२७	श्री मुखिया वि.क.	५,०००।०
५	१५ - २०७६/३/२७	श्री जुन माया गुरुङ	५,०००।०
		जम्मा	**२५,०००।०**

२०.	भौ.नं.३०- २०७५।८।२४ **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) तथा तथा ११३(३) मा खर्च गर्दा रीत पुगेको वा नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था छ । भिटामिन ए वितरण कार्यक्रम अन्तर्गत कार्यक्रममा सहभागीलाई यातायात खर्च वापत रु.७,२००।० खर्च भएको दाबी गरेकोमा रु.३,६००।० मात्र वितरण भएको देखिएकोले बढी भुक्तानी भएको असुल गर्नुपर्दछ ।	३६००
२१.	**भ्रमण खर्च बढी भुक्तानी :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(२) मा भ्रमण वा काजमा खटिएको पदाधिकारी वा कर्मचारीले तोकिएका जिल्लामा भ्रमण गर्दा दैनिक भत्ताको रकममा थप दश प्रतिशत रकम पाउने उल्लेख छ । निम्नानुसार कर्मचारीहरुलाई तोकिएको भन्दा अन्य जिल्ला भ्रमण गर्दा समेत थप दश प्रतिशत भुक्तानी भएकोले बढी भुक्तानी भएको निजहरुबाट असुल गर्नुपर्दछ ।	१०८०

सि.नं.	गो.भौ.नं. - मिति	नाम	थप नपाउने अवधि	बढी भुक्तानी रु.
१	६९ - २०७६/३/१३	अ.हे.व.अमित सापकोटा	२ दिन	२४०.०
२	६९ - २०७६/३/१३	अ.हे.व. विषराम परियार	२ दिन	२४०.०
३	८० - २०७६/३/३१	हे.अ. अमिताम आलम	३ दिन	३६०.०
४	८० - २०७६/३/३१	अ.हे.व. राम यादव	२ दिन	२४०.०
	जम्मा			**१०८०.०**

२२.	**भ्रमण खर्च र स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । निम्नानुसारका कर्मचारीहरु विभिन्न मितिमा भ्रमणमा खटिई भ्रमण अवधिको दैनिक भ्रमण भत्ता र स्थानीय भत्ता दुवै उपयोग गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम दोहोरो भत्ता नपाउने हुँदा निम्नानुसारको भ्रमण अवधिको स्थानीय भत्ता रु.३२०२।७० असुल हुनुपर्दछ ।	३,२०३

कर्मचारीको नाम थर	भ्रमण अवधि	भ्रमण दिन	मासिक स्थानीय भत्ता	दोहोरो भुक्तानी
अ.न.मी. अनिता राना	२०७५/१/४ -१/६	३	८०८०.०	७८२.०

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.

अ.हे.व. विषराम परियार	२०७५/३/४ - ३/६	३	८०८०.०	७५७.५
हे.अ. अमिताम आलम	२०७५/३/२६ - ३/२८	३	९६५०.०	९०४.७
अ.हे.व. श्रीराम यादव	२०७५/३/२६ - ३/२८	३	८०८०.०	७५७.५
			जम्मा	**३२०१.७**

२३. भौ. नं. ८९– २०७६।३।३१

कार्यक्रम विपरित खर्च : स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्य सञ्चालन मार्गदर्शन २०७५।७६ मा महिला स्वास्थ्य स्वयं सेविका अर्धवार्षिक समीक्षा बैठक को उद्देश्य तथा सञ्चालन प्रक्रिया उल्लेख छ । यस वर्ष गाउँपालिका यस कार्यक्रममा रु.२,२७,९००।० खर्च गरेको छ । मार्गदर्शन बमोजिम हरेक स्थानीय तहमा पौष र असारमा सो बैठक सम्पन्न गर्नुपर्नेमा पालिकाले कार्यक्रमलाई टुक्रयाई नार र फू स्वास्थ्य चौकीमा अलग अलग समीक्षा बैठक सञ्चालन गरेको पाइयो । यस अतिरिक्त नार स्वास्थ्य चौकीमा कार्तिक र जेष्ठ तथा फू स्वास्थ्य चौकीमा कार्तिक र बैशाख महिनामा समीक्षा बैठक भएको पाइयो । अतः तोकिए बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२४. **औषधि खरिद :** सार्वजनिक खरिद नियवमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । गाउँपालिका यस वर्ष निम्नानुसार औषधि तथा औषधिजन्य सामग्री खरिद गरेकोमा निरीक्षण प्रतिवेदन समावेश गरेको छैन । जनताको स्वास्थ्यसँग जोडिएको संवेदनशिल विषय भएकोले नियमानुसार औषधि तथा जन्य सामग्रीको नेपाल सरकारले तोके बमोजिम गुणस्तरीय भए नभएको निरीक्षण गरी प्रतिवेदन गर्ने परिपाटी बसाल्नुपर्दछ ।

क्र.सं.	गो. भौ. - मिति	आपूर्तकको नाम	भुक्तानी रकम रु.
१	७२ - २०७६/३/१३	भिमदेवी मेडिसिन सप्लायर्स	२९९०६९.०
२	८२ - २०७६/३/३१	भिमदेवी मेडिसिन सप्लायर्स	१९८३६,९
३	८३ - २०७६/३/३१	ओम मेडिकल एण्ड सर्गिकल	६९९९८.९८
		जम्मा	**३८८९०४.८८**

२५. **प्राविधिक नापजाँचः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यसका लागि जिल्ला दररेट निर्धारण समितिद्वारा निर्धारित दर र विभागीय नर्म्स बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) ख मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न योजनाको दररेट विश्लेषण गर्दा अदक्ष श्रमिकको दररेट राखी दर बिश्लेषण गर्नुपर्नेमा अर्धदक्ष श्रमिकको दरको आधारमा नर्म्स विपरित दररेट विश्लेषण गर्दा विभिन्न आईटमको दररेट हुनुपर्ने दर भन्दा बढि कायम भई निम्नानुसार बढि मुल्याङ्कन भई भुक्तानी भएको देखियो । जिल्ला दररेट तथा नर्म्सको पालना नगर्नाले योजनाको बढि मुल्याङ्कन भई कार्यालयलाई बढि व्ययभार परेको देखियो । असम्बन्धित दर राखी दर विश्लेषण गरी मुल्याङ्कन गर्ने प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाई बढी मुल्याङ्कन भई भुक्तानी भएको **रु.१२,९१,४७१/-** निम्नानुसारको रकम उपभोक्ताबाट तथा सोझै अमानतबाट कार्य गर्ने व्यक्तिबाट असुल गर्नुपर्दछ । १२,९१,४७१

२६. **मूल्य अभिवृद्धि कर भुक्तानी** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार २०७६ जेष्ठ १६ बाट लागु हुने गरी सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो वापतको भुक्तानी गर्दा भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था २०७५ साल जेष्ठ १५ बाट लागु भएको छ । कार्यालयले निम्न भुक्तानीमा पचास प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर मात्र सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेमा शत प्रतिशत मूल्य अभिवृद्धि कर रकम नै भुक्तानी गरेकोले नियमको पालना भएको पाइएन । मूल्य अभिवृद्धी कर रकम भुक्तानी गर्ने निकायबाट दाखिला नहुँदा नियमको पालना नहुनुको साथै भुक्तानी गर्ने निकायबाट नै ५० प्रतिशत मूल्य अभिवृद्धि कर असुल गरी करको चुहावट नियन्त्रण गर्ने उद्धेश्य पुरा नहुने भएकाले कट्टी गर्न छुट भएको उक्त कर रकम रु. २,७६,०३८/५१ सम्बन्धित फर्मबाट असुल गर्नुपर्दछ ।	२,७६,०३९
२७.	**रितपूर्वकको कर विजक :** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । निम्न भौचर र मितिबाट निम्न फर्मले जारी गरेको बिजक रितपुर्वक नरहेको देखियो ।	
	मूल्य अभिबृद्धि कर दर्ता भएको व्यक्तिले रितपूर्वकको बिजक पेश नगर्नु तथा कार्यालयले विल विजकको चेक जाँच गरी नियमावलीको पालना गर्ने तर्फ उचित ध्यान नदिनु नै यसको मुख्य कारण रहेको पाइन्छ । यसबाट भुक्तानी गरिएको कर रकम सरकारको राजश्वमा जम्मा नभइ सरकारी आम्दानी घट्न जाने देखिन्छ । तसर्थ मुअकरमा दर्ता भएको फर्मले रितपूर्वकको कर बीजक जारी गर्ने र कार्यालयले भुक्तानी दिँदा सो को चेकजाँच गरी भुक्तानी दिनुपर्ने देखिन्छ । कार्यालयबाट भुक्तानी लिएको मुल्य अभिवृद्धि कर रकम रु.१,३४,४४०/५८ सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।	१,३४,४४०
२८.	**दररेट विश्लेषण बेगर आइटमको भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा जमिन मूनि गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यसै गरी नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा आधार लिनुपर्ने विषयहरु उल्लेख गरिएको छ । कार्यालयले निम्नानुसारका योजनामा जलविद्युतको टर्वाइन खरिद तथा ढुवानी गरेकोमा तोकिए बमोजिम दररेट विश्लेषण गरी लागत अनुमान तयार नगरी विलको आधारमा भुक्तानी गरेको छ । पेश भएको विलको आधारमा मुल्यांकन गर्दा यथार्थ मुल्यांकन नहुने हुन्छ । अतः कार्यालयले निर्माण तथा मालसामान खरिदको दररेट विश्लेषणको आधारमा लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।	
२९.	**सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले रु. **४३,८८,६०१/६२** मूल्यको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था विपरित सोझै बजारबाट खरिद गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम खरिद गर्नुपर्ने देखिन्छ ।	४३,८८,६०२
३०.	**घोडा तथा दाना राशन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ८८(१) मा राशन व्यवस्था गर्नुपर्ने प्रत्येक सार्वजनिक	

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	निकायको प्रमुखले आफ्नो निकायको निम्ति स्वीकृत राशन दरबन्दी अनुसार प्रत्येक बर्षको भाद्र मसान्तभित्र नेपाल राष्ट्र बैंकबाट प्रकाशित हुने सम्बन्धित क्षेत्रको उपभोक्ता मूल्यसूची, कृषि उपजको मूल्य निर्धारण गर्ने सरकारी निकायले प्रकाशित गरेको मूल्यसूची, सडक सुविधा, स्थानीय बजार दर तथा गत बर्षको खरिद सम्झौता दररेट तथा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कुनै निर्देशिका जारी भएको भए त्यस्तो निर्देशिकाको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त कानूननको पालना नगरी निम्नानुसारका घोडा तथा दाना सोझै खरिद गरेको देखिएको छ । घोडा खरिदका लागि राष्ट्रिय पत्रिकामा सिलबन्दी दरभाउपत्रको सूचना जारी नगरी सोझै खर्च गरेको र राशन खरिदको प्रक्रिया नअपनाई पदाधिकारीलाई सोझै दाना बापतको भुक्तानी गरेको नियमित देखिदैन ।	१५,७३,३००

गो.भौ.नं./मिति	विवरण	भुक्तानी लिने व्यक्ति	भुक्तानी	कैफियत
२७-२०७५/०६/२१	घोडा खरिद थान-१	सोनाम तेजे लामा-५ नं.वडाध्यक्ष	१७५०००	
२६-२०७५/०६/२१	घोडा खरिद थान-२	छेङ फूर्वा लामा	३६००००	
२५-२०७५/०६/१९	घोडा खरिद थान-१	छिरिङ धोर्जे लामा	१४००००	
२४-२०७५/०६/१९	घोडा खरिद थान-१	नाङ छोवाङ लामा	१६००००	
२३-२०७५/०६/१९	घोडा खरिद थान-२	फुङजो वाङदी लामा	३२१०००	
१२०-२०७६/०३/३०	घोडाको दाना खरिदको बिलको सोधभर्ना	उपाध्यक्ष - कोन्जो तेन्जिङ लामा	४५०००	PAN बिलबाट खरिद गरी दाखिला समेत नभएको
११७-२०७६/०३/२७	घोडाको दाना खरिदको बिलको सोधभर्ना	३ नं वडा अध्यक्ष साङगी धावा लामा	१०७००	PAN बिलबाट खरिद गरी दाखिला समेत नभएको
१०३-२०७६/०३/२७	घोडाको दाना खरिदको बिलको सोधभर्ना	१ नं वडा अध्यक्ष रितर छेपेल लामा	१७०००	PAN बिलबाट खरिद गरी दाखिला समेत नभएको
८९-२०७६/०२/१०	घोडाको दाना खरिदको बिलको सोधभर्ना	३ नं वडा अध्यक्ष साङगी धावा लामा	६७३००	PAN बिलबाट खरिद गरी दाखिला समेत नभएको
८९-२०७६/०२/०९	घोडाको दाना खरिदको बिलको सोधभर्ना	१ नं वडा अध्यक्ष रितर छेपेल लामा	६७३००	PAN बिलबाट खरिद गरी दाखिला समेत नभएको
८४-२०७६/०२/०९	घोडाको दाना खरिदको बिलको सोधभर्ना	२ नं वडा अध्यक्ष मेङमर फुन्चो लामा	६५०००	सादा बिल PAN बिल
८३-२०७६/०२/०७	घोडाको दाना खरिदको बिलको सोधभर्ना	अध्यक्ष मिङमा छिरिङ लामा	५००००	PAN बिलबाट खरिद गरी दाखिला समेत नभएको
८१-२०७६/०२/०७	घोडाको दाना खरिदको बिलको सोधभर्ना	४ नं वडा अध्यक्ष छिरिङ डेण्डो घले	४५०००	PAN बिलबाट खरिद गरी दाखिला समेत नभएको
८०-२०७६/०२/०७	घोडाको दाना खरिदको बिलको सोधभर्ना	५ नं वडा अध्यक्ष सोनाम तेजे लामा	५००००	PAN बिलबाट खरिद गरी दाखिला समेत नभएको
	जम्मा		१५७३३००	

३१.	**कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यबस्था छ । यस गाउँपालिका कार्यालयवाट निम्न योजनाको कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन् । कार्यसम्पन्न प्रतिवेदन बेगर उक्त योजना तोकिएबमोजिम निर्माण भएको छ भन्ने एकिन हुन सकिदैन । तसर्थ कार्यालयले रु. ८१,९६,२५१.० को कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।	८१,९६,२५१
३२.	**अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्लास्थित निम्नानुसार कार्यालयलाई रु.६,७६,५०० भुक्तानी गरी अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको छ । यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ । यस्तो खर्च नियमित देखिदैन ।	६,७६,५००

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.

गो.भौ.नं./मिति	ब.उ.शी.नं.	विवरण	संस्था व्यक्ति	भुक्तानी रकम
१५०-०७६।०३।३१	पूँजीगत	फर्निचर सामाग्री वितरण	मेता प्रहरी चौकी	५००००
१३९-०७६।०३।२९	पूँजीगत	सोलार जडान	नेपाल दुरसञ्चार कम्पनी लिमिटेडको कम्पनीको टावरमा जडान गरेको	४४५०००
१३६-०७६।०३।२९	पूँजीगत	भि-स्याट फोनको ब्याट्री खरिद	नेपाल दुरसञ्चार कम्पनी लिमिटेड कम्पनीको भि-स्याट टावरमा जडान गरेको	३१५००
३४-०७५।०७।१८		दैविक प्रकोप उद्दार सामाग्री खरिद	मेता प्रहरी चौकी	१५००००
			जम्मा	**६,७६,५००/-**

३३. **विष्फोटक पदार्थको नर्म्स** -सडक विभागबाट सडक निर्माणका लागि २०६५/१/२३ मा पारित नर्म्सबमोजिम कडा चट्टानका लागी प्रति घनमिटर ०.२५ के.जी.जिलेटिन (बिष्फोटक पदार्थ) खर्च हुने उल्लेख भएकोमा । उक्त नर्म्स संशोधन भई २०७५।०४।२८ पश्चात प्रति घनमिटर ०.३५ के.जी खर्च हुने उल्लेख छ । कार्यालयद्धारा निर्मित निम्नानुसारकासडक खण्डमा तोकिएको नर्म्सभन्दा प्रति घनमिटर बढी बिस्फोटक पदार्थ खर्च भएको छ । बिष्फोटक पदार्थको प्रयोग आवश्यकता भन्दा बढी भएमा वातावरणमा नराम्रो असर पुग्न जाने भएकोले अत्यावश्यकीय र कडा चट्टान फोर्नको लागि मात्र बिष्फोटक पदार्थको प्रयोग गर्ने र नर्म्सको अधीनमा रही दक्षतापूर्ण ढङ्गले विष्फोटक पदार्थको उपयोग गर्नुपर्दछ । नर्म्स भन्दा बढी बिस्फोटक पदार्थ खर्च गरेको रु. २,५२,५४३।- नियमित देखिदैन । — २,५२,५४३

३४. **अग्रिम करकट्टी** : आयकर ऐन, २०५८ को दफा ८९ (३क.) मा उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले करकट्टी गर्नु पर्नेछ । कार्यालयले निम्न उपभोक्ता समितिलाई ५० लाख भन्दा बढीको भुक्तानी गर्दा सो व्यवस्था अनुसार करकट्टी गरेको देखिएन । यसबाट नियमको पालना भएको देखिएन घटी कर कट्टी गरेको रकम रु.७८६६०।१० असुल गर्नुपर्दछ । — ७८६६०/१०

३५. **मू.अ.कर बेदर्तावालासँग खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बिस हजार भन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । वस्तु तथा सामग्री खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्मसँग खरिद गरेको नमुना निम्नानुसार छन् । जिल्लामा मू.अ.करमा दर्ता भएका फर्म नभएका कारण स्थायी लेखा नम्बर भएका फर्मबाट खरिद गरिएको कार्यालयले जनाएको छ । नियमको पालना गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

गो.भौ.नं./मिति	ब.उ.शी.नं.	विवरण	फर्मको नाम	रकम रु.	कैफियत
४८-२०७५।८।१८	पूँजीगत	योजना किताब, व्यानर खरिद को २ बिल		३७५५०	
२७९-२०७६।३।३१	चालु	Busel nBinocular, Digital Altimeter,	Himalaya Base Camp center(300723539)	११५००	VAT मा दर्ता नभएको
		Colour Printer Ink	IT Service Center (602776039)	४९००	प्यान नं. जाँच गर्दा प्यान दर्ता नभएको
			जम्मा	**५३९५०**	

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
३६.	११८- २०७६/०३/२७ **गुम्बा उदघाटन खर्च :** गाउँसभाबाट पारित बजेट तथा कार्यक्रम संशोधन गर्न मिल्ने देखिँदैन । यस गाउँपालिकाको २०७६ बैशाख २० गतेको पाँचौं गाउँसभाबाट आ.व. २०७५/०७६ को लागि पारित बजेट तथा कार्यक्रम संशोधन गरी साम्डु छेलिङ गुम्बाको उदघाटन तथा सामाग्री ढुवानी लगायतको चालु प्रकृतिको योजना छनौट गरी गुम्बा उदघाटन समितिको अध्यक्ष श्री खामसुङ छिपेल लामालाई पेस्कीका माध्यमबाट रु ३,००,०००।० भुक्तानी गरेको छ । उक्त कार्यक्रमका लागि गोरखाली गुरुङ खाद्य स्टोर बेशिसहर (६०१०५६१०७) बाट रु.२,०१,२९०।- को चामल,दाल लगायतका खाद्य सामाग्रीको फोटोकपी बिल संलग्न गरी मानिसबाट १८ भारी प्रति भारी रु ६५००।- ले रु १,१७,०००।० र खच्चडबाट १०६ खेप, प्रति खेप रु १७४० का दरले रु १,८४,४४०।० गरी रु ३,०१,४४०।० को ढुवानीको भरपाईका आधारमा कार्यालयले रु ३,००,०००।- भुक्तानी दिएको छ । ढुवानी गर्दा सामानको तौल, किसिम, तथा जिल्ला दररेटका आधारमा मूल्याङकन गरिएको समेत छैन । पूँजीगत बजेटबाट अनुत्पादक तथा वितरणमुखी र फजुल खर्च गर्नाले स्रोत साधनको सदुपयोग भएको देखिँदैन । यस्ता नियमको पालना नगरी गरिएका फजुल खर्चलाई नियन्त्रण गर्नुपर्ने र निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्छ । अनुत्पादक खर्चलाई नियमित मान्न सकिदैन ।	३,००,०००
३७.	६०-२०७५/११/२१ **अवलोकन भ्रमण :** पूँजीगत शीर्षकबाट चालु प्रकृतिको खर्च गर्न मिल्ने देखिदैन । गाउँपालिकाको आन्तरिक आय ६,४९,२७८।- रहेको अवस्थामा कार्यालयले पूँजीगत बजेट उपशीर्षक र समानीकरण अनुदानबाट ७ दिने अवलोकन भ्रमणमा रु ६,५०,०००।० खर्च गरेको छ । बेशिसहर, काठमाडौं, हेटौंडा, जनकपुर, इटहरी, बिराटनगर-पशुपतिनगर लगायतका स्थानको भ्रमणमा ३८ जना कर्मचारी तथा पदाधिकारीको संलग्नता रहेको र कार्यपालिकाको २०७५ माघ १ गतेको निर्णयले उक्त भ्रमण गरेको देखिन्छ । आन्तरिक आयबाट मात्र यस्तो खर्च गर्न पाउनेमा पूँजीगत अनुदानबाट चालु प्रकृतिको खर्च गरेको देखियो । आन्तरिक आयको करिब **९९.४३ प्रतिशत रकम** अवलोकन भ्रमणमा खर्च गर्नाले आय बचत नभई स्रोत संकट पर्ने देखिन्छ । पूँजीगतबाट चालु प्रकृतिको खर्च गरेको नियमित देखिएन ।	६,५०,०००
३८.	३९-२०७५/०८/१३ **संस्कृति संरक्षण कार्यक्रम :** सार्वजनिक निकायले कार्यक्रम सञ्चालन गर्दा तोकिएको विभागीय नर्म्स बमोजिम सञ्चालन गर्नुपर्दछ । कार्यालयले २ नं वडाका वडा अध्यक्ष मेङमर फून्जो लामालाई स्थानीय संस्कृति संरक्षण, प्रवर्द्धन र टोल पढाई शिक्षा कार्यक्रम सञ्चालन बापत रु १,००,०००।- सोधभर्ना भुक्तानी दिएको छ । पेश भएको कागजातमा २०७५/०७/१२ गते २५ जनाको उपस्थितिमा भएको बैठकको माईन्युट पेश गरी आजका मितिले लगातार ५ दिन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो भन्ने व्यहोरा उल्लेख गरी लक्ष्मी होटल तथा रेष्टुरेन्ट नार मनाङको रु ८५,२०० र नोर्लिङ गेष्ट हाउस तथा रेष्टुरेन्ट नार मनाङको रु १७,५००।- को खाजा, चिया, बिस्कुट, खादा लगायतको मात्र बिल पेश भएको छ । उक्त शिक्षा कार्यक्रम कुन कुन मितिमा सञ्चालन गरिएको हो, प्रशिक्षक, सहजकर्ता लगायत ५ दिनको उपस्थितिको माइन्युट समेत संलग्न गरेको देखिएन । पेश भएको कागजातमा संलग्न तस्विरमा बौद्ध धर्मसंग सम्बन्धित झांकी प्रदर्शन गरेको देखिएको छ । कार्यालयले खर्च लेख्दा खरिद कानुन तथा नर्म्सको पालना नगरेको तथा आंशिक कागजातको आधारमा गाउँपालिकाको पदाधिकारीलाई सोधभर्ना भुक्तानी दिने परिपाटी गर्नुका साथै बैठकको उपस्थिति लगायतका तालिम सम्वन्धि व्यहोरा खुल्ने कागजात पेश हुनुपर्दछ ।	१,००,०००
३९.	१३३- २०७६/०३/२९ पूँजीगत र ६- २०७६/०३/२९ (३६५१६०३) **दोहोरो नापी :** कार्यालयले नयाँ फू सामुदायिक गुम्बा निर्माण कार्यको समानीकरण अनुदानबाट रु ५५,०६,७५३।७४ को लागत अनुमान भएको योजनामा कार्यालयले ५० लाख व्यहोर्ने गरी	

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	२०७५/०५/१९ मा सम्झौता भएकोमा कार्यालयले रु ५५,०९,८७३।६१ को प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन पेश भई रु ५०,००,०००।- भुक्तानी दिएको छ । त्यसैगरी सोही नामको योजनामा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (३६५१६०३) तर्फ रु २२,०३,४६४।८० लागत अनुमान रहेको निर्माण कार्यको कार्यालयले रु २०,००,०००।० भुक्तानी दिने गरी २०७५/०८/१२ मा सम्झौता भएकोमा रु २२,०३,४६४।८० को प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन पेश गरी रु. २०,००,०००।० भुक्तानी दिएको देखिन्छ । उक्त दुवै योजनाको नापी किताब, उपभोक्ता बिल तथा कार्यसम्पन्न प्रतिवेदनको परीक्षण गर्दा निम्नानुसारको निर्माण कार्य दुबै बिलमा नापजाँच भई मूल्याङ्कन भएको देखिन्छ । नापी किताबमा चेनेज तथा कुन कार्य कुन स्थानमा गरेको भन्ने व्यहोरा उल्लेख नगर्दा उक्त कार्यको दोहोरो नापी भई भुक्तानी भएको छैन भन्ने कुरामा विश्वस्त हुन सकिदैन । एउटा योजनाको एउटै नापी किताब राखी सोहि बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी कुन बजेट उपशीर्षकबाट कति भुक्तानी हुने भन्ने सम्वन्धमा भुक्तानीको अंश देखाई भुक्तानी गर्नुपर्नेमा फरक फरक नापी किताब तयार गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नाले नियमको पालना नहुनुका साथै दोहोरो नापी हुने जोखिम रहन्छ । निम्नानुसारको एउटै आइटम दुबै योजनामा दोहोरो नापी भई भुक्तानी भएको सम्वन्धमा कार्यालयले छानबिन गरी पेश गर्नुपर्दछ ।	१४,९५,६५९
४०.	**अमानत र सोझै कार्यादेशबाट कार्य गरेको** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९८ बमोजिम १ लाख भन्दा बढी रकमको अमानतबाट निर्माण कार्य गर्न नमिल्ने व्यवस्था छ । यस नार्पाभूमि गाउँपालिकाको मिति २०७६/०१/२० मा आ.व. २०७५/०७६ को बजेट तथा कार्यक्रम संशोधन गर्ने मुख्य उद्देश्य राखी पाचौं गाउँसभा बसेको देखियो । सभाको निर्णय नं १८ मा यस गाउँपालिका अति दुर्गम तथा विकट भएकोले तत्काल सञ्चालन गर्नुपर्ने योजनाहरुमा तुरुन्तै उपभोक्ता समिति गठन गरी ठेक्का प्रक्रियाबाट सम्पन्न गर्न नसकिने विशेष अवस्था जनाई तत्काल स्थानीय जनताको श्रमदान समेत हुन नसक्ने अवस्था देखाई सूचना समेत जारी नगरी कार्यादेश मार्फत व्यक्तिगत निर्माण व्यवसायी (मूल्य अभिवृद्धि करमा दर्ता समेत नभएको) लाई गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरिङ लामाले कार्यादेश दिई अमानतबाट निर्माण कार्य गराई रु.२६ लाख ९० हजार भुक्तानी दिएको देखियो । यस्ता निर्माण व्यवसायीहरु प्रचलित कानुन बमोजिम दर्ता नभएको तथा स्थायी लेखा नम्वर समेत लिएको देखिएन । योजनाको फरफारक गर्दा योजनाको सार्वजनिक परीक्षण समेत गरेको देखिएन । कानुनमा व्यवस्था नै नभएको विधिबाट सार्वजनिक खरिद गरेको देखिएकाले गाउँपालिकाको बजेट तथा खर्च प्रणालीमाथी विश्वस्त हुन सकिएन । हिमपात, बाढी पहिरो तथा आवागमनमन बन्द भएका कारण जनसहभागिता जुट्न नसक्ने अवस्थामा गाउँसभाले निर्णय गरी कार्य गरिएको कार्यालयले जनाएको छ । कानुनको पालना नगर्ने पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार बनाई प्रतिष्पर्धाको आधारमा खरिद गर्ने व्यवस्था कायम गर्नुपर्दछ । नियम विपरित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को पालना नगरी अमानत र व्यक्तिगत कार्यादेशबाट कार्य गरेको नियमित देखिदैन ।	२६,९०,०००

गो.भौ.नं./मिति	ब.उ.शी. नं.	कार्यक्रम	व्यक्ति ठेकदार	ल.ई	मुल्याङ्कन	भुक्तानी
१४९-२०७६/०३/३१	पूँजीगत	फू मा खानेपानी मर्मत	दिनेश बूढा मगर, मिरुल गा.बि.स. रोल्पा (ना.प्र.प.नं २८४९२ रोल्पा)	४५०५३९.९८	४५०५३९.९८	४५००००
१४८-२०७६/०३/३१	पूँजीगत	च्याँखु देखि तल्लो च्याप सम्मको खानेपानी मर्मत	दिनेश बूढा मगर, मिरुल गा.बि.स. रोल्पा (ना.प्र.प.नं २८४९२ रोल्पा)	१५०१२८.४३	१५०१२८.४३	१५००००
१४७-२०७६/०३/३१	पूँजीगत	ले खोलामा काठे पुल निर्माण	दिनेश बूढा मगर, मिरुल गा.बि.स. रोल्पा (ना.प्र.प.नं २८४९२ रोल्पा)	३००१४४.०१	३००१४९.०१	३०००००
१४६-२०७६/०३/३१	पूँजीगत	फू गाउँको हेलिप्याड मर्मत	दिनेश बूढा मगर, मिरुल गा.बि.स. रोल्पा (ना.प्र.प.नं	२००२२१.३३	२००२२१.३३	२०००००

दफा नं.	भौचर नं., मिति र व्यहोरा							बेरुजू रकम रु.
				२८४९२ रोल्पा)				
	१५१-२०७६/०३/३१	पूँजीगत	मेता सिंचाई मर्मत	दिनेश बूढा मगर, मिरुल गा.बि.स. रोल्पा (ना.प्र.प.नं २८४९२ रोल्पा)	५०१०३.२१	५०१०३.२१	५००००	
	१५०-२०७६/०३/३१	पूँजीगत	मेता प्रहरी चौकीको लागि आवस्यक सामाग्री व्यवस्थापन	दिनेश बूढा मगर, मिरुल गा.बि.स. रोल्पा (ना.प्र.प.नं २८४९२ रोल्पा)	५००६१.२१	५००६१.२१	५००००	
	१४५-२०७६/०३/३१	पूँजीगत	नाम्याको गोरेटो बाटोमा हिंउपहिरो पन्छ्याउने	दिनेश बूढा मगर, मिरुल गा.बि.स. रोल्पा (ना.प्र.प.नं २८४९२ रोल्पा)	३००२३९.४५	३००२३९.४५	३०००००	
	१४४-२०७६/०३/३१	पूँजीगत	फोहोर व्यवस्थापन च्याँखु	दिनेश बूढा मगर, मिरुल गा.बि.स. रोल्पा (ना.प्र.प.नं २८४९२ रोल्पा)	२१०३२४.६१	२१०३२४.६१	२१००००	
	१२७-२०७६/०३/३०	पूँजीगत	भाल्ते घट्ट मर्मत	तोपराज परियार (धारापानी(९ ना.प्र.प.नं. ४७१०१३२७, मनाङ)	३०४७४७.१७	३०४७४७.१७	३०००००	
	१२६-२०७६/०३/३०	पूँजीगत	धुर्जुग्युङ खोलाको भुक्तानी	उर्जमान बूढा (मिल्ल गा.बि.स. ६ रोल्पा ना.प्र.प.नं. ५५३८, रोल्पा)	३५१०१९.१२	३५१०१९.१२	३५००००	
	१०२-२०७६/०३/१९	पूँजीगत	कृषि तारजाली छेकबार	दिनेश बूढा मगर, मिरुल गा.बि.स. रोल्पा (ना.प्र.प.नं २८४९२ रोल्पा)	१५१४७४.५७	१५१४७४.५७	१५००००	
	४९-२०७५/०८/१८	पूँजीगत	कोतो देखि मेता सम्मको बाटो मर्मत (हिंउ तथा बाढिपाहिरो पन्छाउने)	दिनेश बूढा मगर	१८००००	१८००००	१८००००	
				जम्मा	२६९९००३.०९	२६,९९,००८.०९	२६,९०,००००	
४१.	**अधिक पेश्की परिचालन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा खरिद सम्झौता भएपछि सार्वजनिक निकायले उपभोक्ता समितिलाई सम्झौता रकमको बढीमा एक तिहाई रकम सम्मको अग्रिम रुपमा पेश्की दिन सक्नेछ । कार्यालयले यस नियम विपरित एक तिहाई भन्दा बढी रकम पेश्की दिने गरेको पाइयो । उदाहरणार्थ निम्नानुसार प्रस्तुत गरिएको छ । पेस्की तोकिएबमोजिम दिइनुपर्दछ ।							
४२.	**सार्वजनिक परीक्षण :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापूर्वक सञ्चालन गर्न अनुगमन एवं सार्वजनिक एवं सामाजिक परीक्षण तथा सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाबाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि सवै योजनाको सार्वजनिक परीक्षण संचालन गरेको देखिएन । ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।							
४३.	**वितरणमूखी खर्च :** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलार्य कार्यक्रम र प्रयोजलका आधारमा गाउँपालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ । ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत देखिदैन । नमुना छनौटको आधारमा परीक्षण गर्दा गाउँपालीकाले लक्षित समूहको बजेटबाट बिभिन्न वितरणमूखी योजना कार्यान्वयन गरी रु.१४,३४,८४१।० खर्च गरेको र वितरण गरेका बिभिन्न सामग्रीहरु सम्बन्धित संस्थाले दाखिला गरेको प्रमाण समेत संलग्न गरेको नदेखिएकोले कार्यविधिको परिपालना भएको देखएन । पूँजीगत बजेटबाट वितरणमूखी कार्यमा खर्च गरेको नियमित देखिदैन ।							१४,३४,८४१
४४.	**खरिद काजगात पेश नभएको :** कार्यालयले रु.८,२६,४६०।८५ को लागत अनुमान भएको पुल							

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	सामग्रीको २०७५।११।२२ मा पहिलो पटक सूचना प्रकाशित गरी सिलबन्दी दरभाउपत्र माग गरेकोमा कुनै दरखास्त नपरी पुनः २०७६।१।१४ मा दाश्रो पटक सूचना प्रकाशन गरेको पाइयो । पहिलो पटक कुनै पनि दरखास्त नपरेको पुष्ट्याँई गर्ने माइन्यूट निर्णय र पुनः दोश्रो पटक सूचना आव्हान गर्ने खरिद समितिको निर्णय गरेको काजगात लेखापरीक्षणका क्रममा पेश नभएकोले सो पेश हुनुपर्दछ । दरभाउपत्र विक्री रजिष्टर समेत लेखापरीक्षणको क्रममा पेश भएन । पुष्ट्याइको कागजात पेश हुनुपर्दछ ।	
४५.	**दरभाउपत्र अवधि :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४०(३) मा सिलबन्दी दरभाउपत्र माग गर्दा राष्ट्रिय वा स्थानीय स्तरको समाचारपत्रमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना प्रकाशन गर्नुपर्दछ । कार्यालयले २०७६।१।१४ मा दोश्रो पटक सूचना प्रकाशन गर्दा २०७४।१।२१ सम्म मात्र अवधि हुने गरी सुचना प्रकाशन गरेको र खरिद ऐन बमोजिम नभएको र एक पार्टीले मात्र दरखास्त गरेकोले प्रतिष्पर्धा सिमित भएको देखिन्छ ।	
४६.	**रिटेन्शन मनि कट्टी नगरेको** : गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३२(४) अनुसार खरिद सम्झौतामा रिटेन्सन मनि कट्टा गर्नु नपर्ने व्यवस्था गरेकोमा बाहेक उपनियम (१) बमोजिम सार्वजनिक निकायले भुक्तानी गर्दा बिजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । निम्न आपूर्तकलाई विभिन्न सामग्री खरिदको निम्नानुसार रकम भुक्तानी गरिएकोमा नियमानुसार पाँच प्रतिशत रकम कट्टा गरी राखेको पाईएन । खरिद नियमको पालना नगर्नाले रिटेन्सन मनि कट्टा नहुनाले आपूर्तिकताले सम्झौता बमोजिमको काम सम्पादन नगरेको अवस्थामा आइपर्ने थप आर्थिक दायित्व वहन गर्न कठिनाइ हुने हुन्छ । अतः सम्झौता बमोजिम कार्य भएको भनि कार्यालय सन्तुष्ट भए पश्चात धरौटी फुकुवा हुनेगरी धरौटी कट्टी गर्ने व्यवस्था हुनुपर्दछ ।	४१,३२४

गो.भौ.नं./मिति	ब.उ.शि.नं.	विवरण	फर्मको नाम	विल रकम	धरौटी रकम
३-२०७६।३।२६	३६५८०९४	पुल सामग्री	सेफ स्टील्स प्रा. लि. (६००३८८१२९)	८,२६,४७३।७३	४१,३२३।६८

४७.	**बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार खर्चको आवश्यक विल भरपाई तथा कागजात बेगर खर्च लेखेको देखियो । विनियमावलीको पालना नहुनु यसको कारण हो । यसबाट बिल भरपाइ बेगरको खर्च समावेश गरी तयार गरेको आर्थिक विवरणले समेत यथार्थ चित्रण गर्दैन । उल्लेखित बिल भरपाइं बेगरको रकम असुल हुनुपंछ ।	६४,३०२

गो.भौ.नं./मिति	ब.उ.शी.नं.	योजना/कार्यक्रम	फर्मको नाम मु.क.द.नं.	रकम रु.
७-२०७६/०३/२९	पूँजीगत	नार गुम्बा निर्माणको भुक्तानी को बिल भरपाई र हुवानिको बिल पेश नभएको	आइटम नं ११ - स्यानिटरी मेटरियल	६३९२८.४०
१५७-२०७६।३।३१	पूँजीगत	कृषि सामाग्री खरिद कार्यक्रम पे.फ. महेश पाखिन कृषि अधिकृत छैठौं	कार्यक्रम बिल अपुग असुल गर्ने सिल्पोलिन प्लाष्टिकिमा ७५% मात्र अनुदान हुने	३७४.०
		जम्मा		**६४३०२.४**

४८.	कार्यालयले खर्च लेख्दा प्रमाणित विल, भरपाई, कार्यादेश अनुसार मात्र लेख्ने र सोही अनुसार भुक्तानी दिनुपर्ने व्यवस्था छ । थ्रीस्टार मेघा मिडिया नेपाल प्रा.लि(६०१२४६३१९) को विजक नं.३५९ मा रु. ४३५००। को मू.अ.कर रकम रु.५६५५। थप गर्नुपर्नेमा रु.६५००। थप गरेकोले बढी मु.अ.कर रकम रु.८४५। निजबाट असुल गरी दाखिला गर्नुपर्दछ ।	८४५
४९.	**मर्मत अभिलेख वेगर खर्च** : कुनै पनि सामग्री मर्मत गरे पश्चात् स्वीकृत मर्मत अभिलेख खाता (म.ले.प.फा.नं.२) मा सो मर्मत अभिलेख खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले मर्मत वापत यस वर्ष	

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	रु.४०,१५०।- खर्च गरेकोमा मर्मत अभिलेख खाता वेगर खर्च लेखेकोले मर्मत अभिलेखमा जनाउने परिपाटि बसाल्नुपर्दछ । मर्मत अभिलेख खातामा नजनाई खर्च गरेको केही उदाहरण निम्नानुसार छन्	

क्र.सं.	गो. भौ., मिति	वडा नं.	मर्मत बिल मिति	मर्मत गरेको सामग्री	रकम
१	१८८, २०७६।२।२४	४	२०७५।११।८	ग.१.ब. ६३४ मोटरसाइकल	११३५०.०
२	१८९, २०७६।२।२४	२	२०७५।११।४	डेल ल्याप्टपको हाउसिंग	१२००.०
३			२०७५।११।४	लेनोभो ल्याप्टपको हाउसिंग	३३००.०
४			२०७५।११।४	ग.१.ब. ६२५ मोटरसाइकल	४०००.०
५	१९०, २०७६।२।२४	१	२०७५।८।२९	ल्याप्टप	६०००.०
६			२०७५।८।२९	क्यानेन ३३७ ड्रम फेरेको	८००.०
७	१९१, २०७६।२।२४	४	२०७५।११।१५	ल्याप्टप	४०००.०
८	१९२, २०७६।२।२६	५	२०७५।११।४	ग.१.ब. ६३४ मोटरसाइकल	२०००.०
९			२०७५।११।४	लेनोभो ल्याप्टप र क्यानेन प्रिन्टर मर्मत	७५००.०
				जम्मा	**४०१५०**

५०.	**पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा र प्रदेशसभाका सदस्यले पाउने सुविधा प्रदेश कानून बमोजिम हुने उल्लेख छ । गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा गाउँसभा र कार्यपालिकाको बैठक बस्दा भत्ताको व्यवस्था नगरेतापनि छैटौ गाउँसभा तथा योजना तर्जुमा, नीति तथा कार्यक्रम गोष्ठीमा भत्ता वापत पदाधिकारी र कर्मचारीलाइ २०७६।३।९ र १० गतेका बैठकको रु.७२,६७५।- (कर बाहेक) खर्च लेखेको देखियो । उक्त रकम असुल हुनुपर्दछ ।	७२,६७५
५१.	**सामामजिक सुरक्षाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसार जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्दा जन्म, मृत्यू, विवाह दर्ता, बसाई सराइ आदिको यथार्थ विवरण खुल्ने अभिलेख व्यवस्थित रुपमा राखि सोही बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने विभिन्न वर्ग र श्रेणीलाइ सामाजिक सुरक्षा भत्ता सम्बन्धितको बैंक खाता मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा व्यवस्थित अभिलेखनको व्यवस्था गरेको छैन । जन्म, मृत्यु दर्ताको मुख्य अभिलेखन गर्ने मूल किताव लेखापरीक्षण्मा पेश भएन । भत्ता वितरण गर्दा सम्बन्धितको लगत अध्यावधिक गरेको प्रमाणको आधारमा भत्ता वितरण गर्नुपर्दछ ।	
५२.	**आन्तरिक आम्दानी** : वार्षिक बजेट तथा कार्यक्रम अनुरुप यस वर्ष रु.२४,५५,००।० आन्तरिक आम्दानी लक्ष्य राखिएकोमा रु.१०,०३,३७२।० आम्दानी भएको छ । उक्त रकममा आफैले खरिद गरी हाल बिक्री गरेको विष्फोटक पदार्थको रु.८०५२५०।- समावेस भएकोले सो वाहेक १९८१२२।- मात्र आम्दानी भएको छ जुन लक्ष्यको तुलनामा ८.०७ प्रतिशत मात्र देखिन्छ । यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :	
५२.१.	गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७६ को दफा ११(५) बमोजिम आफ्नो निकाय र मातहत कार्यालयको सम्पति र दायित्वको लेखांकन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । गाउँपालिका केन्द्र तर्फ यस वर्ष रसिद नं. ५२ देखि १०० बाट रु.१०,८४०।० आम्दानी देखाएको छ । तर सो रसिदहरु रसिद नियन्त्रण खातामा प्रविष्ट भएको छैन । नगदी रसिद र वैंक दाखिला रकम भिडान हुने गरी लेखा नराखेका कारण असुल भएको रकम हिनामिना समेत हुने सम्भावना देखिएकोले जिन्सी खातामा आम्दानी गरी वितरण गरेका रसिद यकिन गरी प्रयोग भएको र प्रयोग हुन बाँकी रसिद यकिन गरी कार्यालयले छानबिन गरी आन्तरिक आम्दानी दुरुस्त राख्नु पर्दछ ।	
५२.२.	नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले १२ वटा क्षेत्रमा स्थानीय कर उठाउन सक्ने व्यवस्था गरेको छ । १२ वटा क्षेत्र मध्ये २०७५।७६ मा ५ वटा क्षेत्रमा कर लगाएको अवस्था छ । आफ्नो अधिकार क्षेत्रमा रहेका कर कार्यान्वयनमा नआउँदा आन्तरिक आय संकुचित हुन पुगेको अवस्थामा सुधार हुनुपर्दछ ।	

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.

कार्यान्वयन भएको करको विवरण	कार्यान्वयन नभएको करको विवरण
सेवा शुल्क दस्तुर	बहाल विटौरी कर
जडिबुटी, कवाडी, जिवजन्तु कर	पार्किङ शुल्क
भुमि कर	मनोरञ्जन कर
बहाल कर	पर्यटन शुल्क
व्यवसाय कर	सम्पत्ति कर
	सवारी साधन कर
	विज्ञापन कर

५२.३. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ मा प्रति होटेल रु.१,०००।० को दरले कार्यालयले व्यवसाय कर उठाउने व्यवस्था पारित भएकोमा व्यवसायीको अभिलेख समेत नराखेकोले सो कर वापत आम्दानी प्राप्त गरेको छैन । नियमानुसार व्यवसाय कर लगाई आन्तरिक आम्दानी वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५२.४. नेपाली सेनाको सुनाचरी इमल्सन प्लान्टबाट विष्फोटक पदार्थ खरिद गरी चामे, मनाङ स्थित नेपाली सेनाको बंकरमा राखेको र सो विष्फोटक पदार्थ विक्री वापत आम्दानी जनाउने गरेको छ । गाउँपालिकाले निर्धारण गरेको दर अनुसार रकम बैंकमा जम्मा भएपछि नेपाली सेनालाई पत्र लेख्ने गरेको र सोही आधारमा नेपाली सेनाले विष्फोटक पदार्थ निष्कासन गर्ने गरेको छ । निम्नानुसार भौचरहरुबाट विक्री वापत आम्दानी देखाए पनि कसलाई कुन मात्रामा विष्फोटक पदार्थ विक्री गरेको अभिलेख पेश नहुनाले सो लेखाङ्कन सही भएको यकिन नसकिएकोले प्रमाण पेश हुनुपर्दछ । — ३,०१,७५०

सि.नं.	गो. भौ. - मिति	रकम रु.
१	४० - २०७६/३/३१	१,७६,५००।०
२	४३ - २०७६/३/३१	७५,२५०।०
३	४४ - २०७६/३/३१	५०,०००।०
	जम्मा	**३,०१,७५०।०**

५२.५. **यार्सागुम्बा निकासीः** अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ईलाका संरक्षण कार्यालय, मनाङबाट प्राप्त विवरण बमोजि को विवरण अनुसार यस वर्ष यार्सागुम्बा निकासी वापत गाउँपालिकामा २०७५।४।१३ मा ३०,०००।० र २०७५।४।१७ मा रु.१०,०००।० गरी रु.४०,०००।० आम्दानी देखाउनुपर्नेमा यस गाउँपालिकाले सो आय नदेखाएकोले सो रकम असुल गर्नुपर्दछ । — ४०,०००

५२.६. **भ्रमण खर्च र स्थानीय भत्ताः** भ्रमण खर्च नियमावली २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । निम्नानुसारका कर्मचारीहरु विभिन्न मितिमा भ्रमणमा खटिई भ्रमण अवधिको दैनिक भ्रमण भत्ता र स्थानीय भत्ता दुवै उपयोग गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम दोहोरो भत्ता नपाउने हुँदा निम्नानुसारको भ्रमण अवधिको स्थानीय भत्ता रु. ४७,६८८।- असुल हुनुपर्दछ । — ४७,६८८

कर्मचारीको नाम थर	भ्रमण अवधि		जम्मा दिन	मासिक स्थानीय भत्ता	दोहोरो भुक्तानी
	देखि	सम्म			
सुदिप प्रसाद अधिकारी	२०७५/४/२२	२०७५/४/२८	७	९६५०	१९३०.००
	२०७५/०६/१८	२०७५/०६/२४	७	९६५०	१९३०.००
	२०७५/०७/२६	२०७५/०८/०१	६	९६५०	१६०८.००
				जम्मा	**५४६८.००**
नारायण पन्थी	२०७५/४/४	२०७५/४/९	७	८०८०	१६१६.००

दफा नं.	भौचर नं., मिति र व्यहोरा						बेरुजू रकम रु.
		२०७५/४/१८	२०७५/४/२४	७	८०८०	१६१६.००	
		२०७५/५/१	२०७५/५/७	७	८०८०	१६१६.००	
		२०७५/५/१८	२०७५/५/२४	७	८०८०	१६१६.००	
		२०७५/७/२६	२०७५/८/१	६	८०८०	१६१६.००	
		२०७५/१२/१५	२०७५/१२/२१	७	८०८०	१६१६.००	
		२०७५/१२/२	२०७५/१२/७	७	८०८०	१६१६.००	
					जम्मा	**११३१२.००**	
	उज्वल बाङस्तोला	२०७५/९/३	२०७५/९/९	७	१४७६०	२९५२.००	
		२०७५/११/३०	२०७५/१२/०६	७	१४७६०	२९५२.००	
		२०७५/१२/१६	२०७५/१२/२२	७	१४७६०	२९५२.००	
		२०७५/१२/२९	२०७६/०१/०५	७	१४७६०	२९५२.००	
		२०७६/३/१६	२०७६/३/२२	७	१४७६०	२९५२.००	
					जम्मा	**१४७६०.००**	
	नन्द घले	२०७५/११/३	२०७५/११/९	७	८०८०	१९३०.००	
	रामप्रसाद अधिकारी	२०७५/११/३	२०७५/११/९	७	९६५०	१९३०.००	
	अमन दराइ)	२०७५/१२/१९	२०७५/१२/२५	७	९६५०	१९३०.००	
		२०७५/११/२४	२०७५/११/३०	७		१९३०.००	
		२०७६/०३/०५	२०७६/०३/११	७		१९३०.००	
		२०७६/०३/१४	२०७६/०३/२०	७		१९३०.००	
					जम्मा	**७७२०.००**	
	लक्ष्मण अया)ल	२०७६/०३/१७	२०७६/०३/२३	७	१४७६०	२९५२.००	
	शान्ता पौडेल	२०७६/०२/२४	२०७६/०२/३०	७	८०८०	१६१६.००	
					कुल जम्मा	**४७६८८.००**	
५२.७.	**भुक्तानीमा कर कट्टी तथा दाखिला :** आयकर ऐन २०५८ दफा ८८ र ८९ मा करकट्टी सम्वन्धमा व्यवस्था गरिएको छ । कार्यालयले विभिन्न व्यक्तिवाट तथा आपूर्तिकर्तालाई भुक्तानी गर्दा स्रोतमा कट्टा नगरेको, घटी गरेको राजस्व रकम निम्नानुसार रु. ७५००।- दाखिला गरेको नदेखिएकोले सो रकम असुल गरी दाखिला हुनुपर्दछ ।						७,५००

व.उ.शि.नं.	गो.भौ.र मिति	कार्यक्रमको नाम	संस्थाको नाम	खर्च लेखेको रकम	घटी कट्टा गरेको/नगरेको	जम्मा दाखिला गर्नु पर्ने रकम
चालु	२७८-२०७६/३/३१	सिविज तालिम कार्यक्रम सम्वन्धि तालिम	ग्रामिण विकास तथा अनुसन्धान केन्द्र, मनमैजु काठमाडौं	२५००००.००	दाखिला भौचरको फोटोकपी पेश भएको	३७५०.००
	२७७-२०७६/३/३१	कर्मचारी तथा जनप्रतिनिधि लक्षित योजना तर्जुमा सम्वन्धि तालिम	साझदारी विकास मञ्च	२५००००.००	कट्टी नभएको	३७५०.००
			जम्मा			७५००

५३.	**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयको आन्तरीक लेखापरीक्षण बिषयगततर्फ कोष तथा लेखा नियन्त्रक कार्यालय, मनाङद्धारा र समानीकरण तथा सशर्ततर्फको चामे गाउँपालिकाका लेखाअधिकृत (आ.ले.प) बाट लेखापरीक्षण भएको छ । प्रतिवेदनमा बिभिन्न कर असुली, भ्रमण भत्ता, स्थानीय भत्ता लगायतका बेरुजु उल्लेख गर्दा कुन भौचरमा उक्त व्यहोरा औल्याइएको हो उक्त भौचरको गोश्वारा भौचर र मिति स्पष्ट ढंगले

दफा नं.	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	उल्लेख नगरेकोले प्रतिवेदन कार्यान्वयन गर्न असहज भएको देखियो । प्रतिवेदनको गुणस्तरमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । साथै आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका निम्नानुसाका बेरुजुहरु लेखापरीक्षण अवधिसम्म पनि असुल फछ्र्यौट नभएकोले असुल गर्नुपर्दछ ।	
५३.१.	सुचना प्रविधि अधिकृत श्री उज्जल बास्तोलाको वार्षिक आयमा कर कट्टी गर्नुपर्ने रकम रु. २१५४७।- कट्टी नभएकोले निजबाट असुलउपर गरी दाखिला गर्नुपर्ने	२१५४७
५३.२.	कार्यालयबाट विभिन्न मितिमा पेश्की फछ्र्यौट गरी विभिन्न उपभोक्ता समितिलाई भुक्तानी गर्दा छुट अग्रिम आयकर रु.१५०९।- र सामाजिक सुरक्षाकर वापतको रकम रु.५३५७४ गरि जम्मा रु.५५०८३।- दाखिला नभएकोले असुलउपर गरी दाखिला गर्नुपर्ने।	५५०८३
५३.३.	कार्यक्रमको लागि रोजगार संयोजक नियुक्त नभएको अवस्थामा उक्त कार्यक्रमबाट कार्यालयले विभिन्न मितिमा रु. ३४००००।- निकासा लिई रु. ३१८६००।- खर्च गरेको पाईयो । निकासा मध्ये खर्च हुन बांकी रकम रु.२१४००।- को.ले.नि.कामा फिर्ता गरेको पाईएन ।	२१,४००
५३.४.	कार्यालयबाट विभिन्न मितिमा घुर संघपु गुम्बा निर्माण र यानेन ताङ्चे गुल्कयो गोरेटो बाटो निर्माण सम्झौता क्रमश: २०७६।२।७ र २०७६।२।११ मा भएको तर कामको सुरुवात २०७६।२।१ बाट भएको डोर हजिरीबाट देखियो । यथार्थ बिल पेश हुने व्यवस्था हुनुपर्दछ ।	
५३.५.	**पेस्की तथा बेरुजु अभिलेख-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन समवन्धी आदेश, २०७४ को बुँदा नं.६३ मा गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी प्रचलित कानून अनुसार पेश्की फछ्र्यौट तथा बेरुजु संपरिक्षण गर्नु पर्ने छ भन्ने व्यवस्था छ । यस गाउँपालिकाले पेश्की तथा वेरुजु विवरण अभिलेख व्यवस्थित गरेको नपाइएकोले गतको पेस्की, नियमित र असूल गर्ने बेरुजु, सम्परिक्षण र थप बेरुजु समेत व्यवस्थित गर्नुपर्ने देखिन्छ ।	
५३.६.	२२४-०६७/३/१६ बाट विज्ञापन शुल्क बापत रु २५०००।०० भुक्तानी भएकोमा अग्रिम आयकर कट्टा नगरेकोले कर असूल गरी सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ ।	३७५
५३.७.	५५-०७५/८/२० बाट गाउँपालिका फिनिसिङ कार्याको लागि सांगी फुर्पालामाको रु.९९००००।०० पेश्की फछ्र्यौट र रु.२०१००००।०० भुक्तानी भएकोमा सम्लग्न लागत अनुमान, नापी किताव, कार्यसम्पन्न प्रतिवेदन स्वीकृत नभएकोले उक्त कागजातहरु स्वीकृत गरी नियमित गर्नुपर्दछ ।	३०,००,०००
५३.८.	१५४-०७६/३/३० बाट उर्गेन विजनेश प्रमोशन प्रा.लि.लाई तालिम संचालन रकम रु ३००००००।०० भुक्तानी भएकोमा मु.अ.क.बाहेकको रकम रु २६५४८७।०० को १.५% कर रु ३९८३।०० कर असूल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।	३९८३
५३.९.	१५५-०७६/३/३१ बाट रुरल विकास एण्ड रिसर्च सेन्टरलाई मोवाइल टावर मर्मत तालिम संचालन रकम रु ५००००००।०० भुक्तानी भएकोमा मु.अ.क.बाहेकको रकम रु ४४२४७८।०० को १.५% कर रु ६६३८।०० कर असूल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।	६,६३८
५३.१०.	१५६-०७६/३/३१ बाट साँझेदारी विकास कार्यक्रमलाई एकिकृत सम्पक्ति कर सम्वन्धी तालिम संचालन रकम रु ३००००००।०० भुक्तानी भएकोमा मु.अ.क.बाहेकको रकम रु २६५४८७।०० को १.५% कर रु ३९८३।०० कर असूल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।	३,९८३
५४.	१२७-०७५/११/२३ बाट संचार महशुल रु ९६४१।०० खर्च लेखिएको छ । सो मध्ये चामे साना जलविद्युत आयोजनाको टसी डिण्डु लामाको नामको रु २१४१।०० को मिटर रिडरले रिडिङ गरेको विद्युत सेवाको विल मात्र सम्लग्न राखी खर्च लेखिएको रकम अनियमित भएकोले महशुल वुझाएको रसिद पेश गर्नुपर्दछ ।	२,१४१

अनुसूची- १

नार्पा भूमि गाउँपालिकाको सञ्चित कोष विवरण

२०७५।७६

प्रदेश : गण्डकी (रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	नार्पा भूमि गाउँपालिका	मनाङ	२८२५४	१०९९०	१०३१३०	२४६२८	१३८७४८	३१२३०	१०२८३३	१३६०८	१४७६७१	१९३३१

अनुसूची– २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७५।७६

(रु.हजारमा)

सि.नं.	स्थानीय तहको नाम	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	अशुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	नार्पा भूमि गाउँपालिका	मनाङ	२९	३८	२७३०६	०	०	०	२९	३८	२७३०६	२०६८	१५००८	१०२३०	०	०	२५२३८	०	०	०

अनुसूचि ३

अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाँकी वेरुजू
१	नार्पा भूमि गाउँपालिका	मनाङ	८१०६	११०२	७००४		२७३०६	३४३१०